"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका

खाँदवारी, सङ्खुवासभा ।

मिति : २०७६/०७/२५

च.नं. ४०६३
प.सं.२०७६/०७७ (कार्यपालिका सचिवालय)

श्री वडा अध्यक्ष ज्यू (सवै)
श्री कार्यपालिका सदस्य ज्यू (सवै)
खाँदवारी,संखुवासभा ।
श्री वडा सचिवहरु सवै
खाँदवारी संखुवासभा ।

विषयः- कार्यपालिकाको वैठकको निर्णय प्रतिलिपि उपलब्ध गराइएको वारे ।

प्रस्तुत विषयमा यस खाँदवारी नगरपालिकाको कार्यपालिकाको वैठक नं. ७१ देखि ७५ सम्मको निर्णय प्रतिलिपि यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

सादर अवगातार्थ
श्रीमान प्रमुख ज्यू, श्रीमान उपप्रमुख ज्यू ।

वोधार्थ तथा कार्यार्थ
सवै शाखा/उपशाखा र इकाई प्रमुख ज्यूहरु

खाँदवारी नगरपालिका कार्यालय : आ आफ्नो शाखा , उपशाखा /इकाई समितीसंग सम्वन्धित निर्णयहरु आवश्यक समन्वय र सहकार्य साथ यथासिघ्र सम्पादन गर्न हुन र त्यसको प्रगति समेत पेश गर्नु गराउनु हुन सुचित गर्दछु ।

श्री सुचना शाखा : उक्त निर्णय कार्यालयको website मा राखिदिनहुन ।

.....................
कोमलप्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा १ नं. प्रदेश, नेपाल

बैठक मिति: २०७६/०६/०२

बैठक प्रारम्भ समय: ११:०० बजे

बैठक सङ्ख्या: ७१

बैठक समापन समय: १:३०

आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ ।

निर्णय नं. १

नगर विकास ऐन, २०४५ (संशोधन सहित २०७५) को दफा ४ बमोजिम खाँदबारी नगर विकास समिति देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो । खाँदबारी नगरपालिकाको ७१औं बैठकले पुनर्गठन गरेको नगर विकास समितिको जानकारी सम्बन्धित शहरी विकास मन्त्रालयलाई समेत गराउने निर्णय भयो ।

| क्र.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री मुरारीप्रसाद खतिवडा | अध्यक्ष | नगरप्रमुख |
| २. | श्री डंगेश्वरी श्रेष्ठ | सदस्य | नगरउपप्रमुख |
| ३. | श्री टिकाराम कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| ४. | श्री लक्ष्मी राई सुनुवार | सदस्य | कार्यपालिका सदस्य |
| ५. | श्री खड्ग बहादुर राई, खा.न.पा. ५ | सदस्य | समाजसेवी |
| ६. | श्री उषा कार्की, खा.न.पा. १ | सदस्य | समाजसेवी |
| ७. | जिल्ला समन्वय समितिको प्रमुखले तोकेको समितिको सदस्य | सदस्य | |
| ८. | प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य | |
| ९. | जिल्ला वन डिविजन कार्यालयको प्रतिनिधि | सदस्य | |
| १०. | नापी कार्यालयको प्रतिनिधी | सदस्य | |
| ११. | मालपोत कार्यालयको प्रतिनिधि | सदस्य | |
| १२. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव | |

आज प्रस्तुत भएका कार्यसूचीका बाँकी विषयमा छलफल गर्न आगामी बैठक मिति ०७६ साल आश्विन ४ गते बिहान ८:०० बजेबाट बस्ने गरी अन्त्य गरियो ।

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा    १ नं. प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मिति: २०७६/०६/०४    बैठक सङ्ख्या: ७२

बैठक प्रारम्भ समय: ८:०० बजे    बैठक समापन समय:

---

३. आर्थीक वर्ष २०७६/०७७ को पाँचौ नगरसभावाट विनियोजित रकम वाट नगरपालिकाको ११ वटै वडाकार्यालयहरुको भवन निर्माणको लागी रु ३० लाखको दरले वजेट विनियोजन भएको छ हाल वडा नं २,४,६,७,८,९ र ११ समेत ७ वटा वार्डहरुमा जग्गा उपलब्ध भएकोले हाललाई उक्त ७ वडा वडामा मात्र भवन निर्माण गर्ने । सो कार्यको लागी प्राविधिक शाखा वाट पेश भएको ड्इङ्ग, डिजाइनिङ्ग तथा लगत इष्टिमेटका आधारमा खरिद प्रकृया वाट वहुवर्षीय योजनाको रुपमा स्वीकृत गरि कार्य प्रारम्भ गर्ने । हाल नगरपालिकाको विनियोजित वजेट वाट मात्र सो कार्य पुरा हुन नसक्ने भएको कारण थप रकमको लागी प्रदेश सरकार समक्ष अनुरोध गरि पटाइएको छ । कारण वस थप रकम प्राप्त नभएमा नगरपालिकाको आ.व. २०७५/०७६ वाट अल्या गरि ल्याएको रकम वाट खर्च गर्ने गरि व्यवस्था आगामी हिउदे सभावाट स्वीकृत हुने गरि खरिद प्रकृया अगाडी वढाउने ।

४. नगरपालिकामा विभिन्न कवाडी सामानहरुको निकाशी करका लागी न्युनतम वार्षिक रु ४,००,०००। तोक्ने र सूचना प्रकाशन गर्ने । यसरी सूचना प्रकाशन गर्दा ठेकेदार संग संझौता भएको मिति वाट चालु आ.व. को अन्त्य सम्मको अवधि लाई नै वार्षीक रकम मानिने व्यवस्था गर्ने

५. खाँदवारी नगरपालिकाको एक वडा वाट अर्को वाडाहरुमा जान र आउनको लागी निम्नानुसारका दुरी -कोप। प्रमाणित गर्ने ।

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ० | १० | ५ | ९ | १६ | १३ | ३ | ३ | ११ | १६ | २१ |
| २ | १० | ० | ५ | ९ | ११ | २३ | ७ | १३ | २१ | १६ | २१ |
| ३ | ५ | ५ | ० | ४ | ६ | १८ | २ | ८ | १६ | ११ | १६ |
| ४ | ९ | ९ | ४ | ० | १० | २२ | ६ | १२ | २० | १५ | १२ |
| ५ | ११ | ११ | ६ | १० | ० | ९ | ८ | १४ | २२ | १७ | २२ |
| ६ | १३ | २३ | १८ | २२ | ९ | ० | १० | १६ | २४ | २९ | ३४ |
| ७ | ३ | ७ | २ | ६ | ८ | १० | ० | ६ | १४ | १३ | १८ |
| ८ | ३० | १३ | ८ | १५ | १४ | १६ | ६ | ० | ८ | १३ | २४ |
| ९ | ११ | २१ | १६ | २० | २२ | २४ | १४ | ८ | ० | २७ | ३२ |
| १० | १६ | १६ | ११ | १५ | १७ | २९ | १३ | १३ | २७ | ० | ५ |
| ११ | ३१ | २१ | १६ | १२ | २२ | ३४ | १८ | २४ | ३२ | ५ | ० |

खाँदबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदबारी , संखुवासभा        १ नं. प्रदेश, नेपाल

**बैठक मिति:** २०७६/०६/०४    **बैठक सङ्ख्या:** ७२
**बैठक प्रारम्भ समय:** ८:०० बजे    **बैठक समापन समय:**

६. खाँदवारी नगरपालिका अन्तरगत मुर्न्सीखोला देखि छयाङ्कुटी सम्म उत्तर दक्षिण कोशी सड्क छोएको जग्गामा घर नक्सा पास गर्ने सम्वन्धमा यस अगाडी नगरपालिकाले अर्को निर्णय नहुन्जेल सम्मको लागी घर नक्सा पास गर्ने कार्य रोकीएको छ यस सन्दर्भमा हाल आएर भवन निर्माण कार्य रोकीनाले शहरीकरणमा असहज रहेको तथा भुकम्प पुन निर्माणका भवनको कार्य सम्पन्न नहुदा किस्ता भुक्तानीमा समेत असहज भएको छ । सडक क्षेत्राधिकार ( Right of the way) कायम गर्न २०४५ सालमा नेपाल सरकार बाट मुअब्जा वितरण भएको तर उक्त जग्गाको नापी २०५०/०५१ मा भएकोले मुअब्जा लिएको जग्गाको किक्ता छुट्याउन कठिन भएको हो । अर्को तर्फ सरकारी मुअब्जा लिइसकेको जमिन नेपाल सरकारको नाममा ल्याउनु पर्ने हुन्छ भने अर्केतर्फ मूअब्जा लिएको जग्गा एकिन नहुदा यो कार्य गर्न अरु थप समय लाग्ने देखियो । अत: खाँदवारी नगरपलिकाले २०६६ सालमा परामर्शदातावाट तयार पारेको वाटोको नक्सालाई नै कायम गरि उक्त नक्सामा मसि भर्न सम्वन्धित नापी कार्यालयलाई अनुरोध गर्ने । सरकारी मुअब्जा लिएको सम्पुर्ण जग्गाको लगत कट्टा गर्ने कामलाई निरन्तरता दिने । लगत कट्टाको सम्पुर्ण कार्य सम्पन्न हुने समय सम्म नक्सा पास र निर्माण कार्य रोकिदा थप असहज हुने हुँदा सडकको ३० मिटर र सो को दाया बाँया ३/३ मिटर सेट व्याक छोडी जम्मा ३६ मिटर छाडेर मात्र नक्सा पास गर्ने । यसरी नक्सा पास गर्दा सम्वन्धित जग्गा धनि र निर्माण कर्तालाई पछि लगत कट्टा गर्दा मुअब्जा लिएको जग्गा परेको खण्डमा उक्त संरचना भत्काउने छु भनि कबुलित नामा गराई सो लाई समेत नक्सा पास किताबको अभिन्न अंग बनाई नक्सा पास र निर्माण सम्पन्न दिने यसरी ३६ मिटर सडक क्षेत्र निर्धाण गर्दा यस अघि मुअब्जा नलिएको जग्गा पर्न गएमा सो को मुअब्जा उपलब्ध गराउने प्रकृया समेत अगाडी वढाउने ।

७. नगर दररेटको सन्दर्भमा चालु आ.व. २०७६/०७७ मा स्वीकृत भएको जिल्ला दररेट लाई आधारमानी नगर योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने र (रोयल्टी) निकाशीकरको सन्दर्भमा प्रदेश सरकारले तोके बमोजिम हुने ।

८. इन्द्रेणी मल्टि पर्पोज इन्टरप्राईजेज संखुवा सभाले मिति २०७६/०४/२७ गते पेश गरेको निवेदन अनुसार फोहोर मैला व्यवस्थापनका लागी लागेको ट्रयाक्टर भाडा र मजदुर ज्याला वापतको रकम उपलब्ध गराई पाँउ भनि पेश गरेको निवेदन आजको वैठकमा पेश हुँदा २०७६ साल असार १७ देख ३१ गते सम्म अरुण मल्टि पर्पोज प्रा.लि.ले फोहोर व्यवस्थापन गर्न छाडेपछि संकलित फोहोर व्यवस्थापन गरे वापत कम्पनीका तर्फवाट पेश गरेको प्रस्ताव अनुसारको रकम रु १,६३,४६८। ( एक लाख त्रिसठीहजार चार सय अठसठी मात्र) पुर्ववत अरुण मल्टि पर्पोज प्रा.लि. शाखा कार्यालय खादवारीको धरौटी रकम जफत गरि इन्द्रेणी मल्टि पर्पोज इन्टरप्राईजेज खाँदवारीलाई उपलब्ध गराउने । साथै २०७६ श्रावण देखिको हकमा खाँदवारी नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागी आ.व.२०७६/०७७ देखि लागु हुने गरि सर्वसाधारणका लागी १५ दिने सूचना प्रकाशित गर्ने ।

आगामी कार्यपालिकाको ७३ औं वैठक मिति २०७६ साल आश्विन ९ गते विहान ८ वजे वस्ने गरि आजको वैठक यहि अन्त गरियो ।

खाँदबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदबारी , सखुवासभा        १ नं. प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मिति: २०७६/०६/०४
बैठक प्रारम्भ समय: ८:०० बजे
बैठक सङ्ख्या: ७२
बैठक समापन समय:

आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ ।

निर्णयहरु :

१. खाँदवारी नगरपालिकाको नगर प्रहरी आवास गृहको निर्माणको लागी कार्यको जम्मा ल.ई. रु १७,१४,१४४.६३ भएको र उक्त कार्य गर्नको लागी पाँचौ नगर सभावाट शुसासन तथा संस्थागत विकास शिर्षकमा विनियोजित वजेट रु १०,५५,०००। छुट्याइएकोमा सो रकमले मात्र उक्त कार्य गर्न नसकीने देखिन आएकोले सो अपुग रकम रु ६,५९,१५५। (छ लाख पचपन्न हजार एक सय पचपन्न मात्र) सोहि नगरसभावाट विनियोजित मर्मत सम्भार कोषमा रहेको रकम वाट खर्च गर्ने ।

२. देहायको योजना कार्यक्रमहरु निम्नानुसार शिर्षकबाट वजेट विनियोजन गरि खर्च लेख्ने ।

| क्र स | योजना कार्यक्रमहरु | लगत ईष्टिमेट | विनियोजन गरिएको रकम रु | खर्च लेख्ने शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | खाँदवारी नगरपालिका कार्यालयको तल्लो भवन मर्मत भर्‍याङ्ग सिलिङ्ग तथा कार्य । | १९,४५,४३१।३५ | १९५०,०००। | मर्मत सम्भार कोष | |
| २. | नगरपालिकाको मुल माथील्लो भवनको कार्यपालिका बैठक हलमा फर्निचर तथा सिलिङ निर्माण | | ३,४०,०००। | मर्मत सम्भार कोष | |
| ३. | वडा नं ७ को खेलमैदान छेउको खोल्सीमा वाटो मर्मत (ग्याविन जाली भर्ने कार्य) । | ४२,३०७।६५ | ४२,०००। | मर्मत सम्भार कोष | |
| ४ | १० नं वडा तपसे वाट भदौरो सम्म वाटो सोलिङ्ग तथा मर्मत | | १,३७,०००। | मर्मत सम्भार कोष | |
| ५. | रमिते गाउमा पहिरो रोकथामका लागी तारजाली ग्याविन भर्ने कार्य । | ५४,०९०.८१ | ५०,०००। | मर्मत सम्भार कोष | |
| ६. | खाँदवारी नगरपालिका मुल भवनको पछाडी ग्यारेज निर्माण । | ३,८९,२०३।४२ | ३,९०,०००। | मर्मत सम्भार कोष | |
| ७. | नेपाली सेनाको सहकार्यमा आर्मी क्याम्प छेउको वाटोमा लडेको पर्खाल निर्माण । (अदक्ष ज्यामी वाहेक) | ३१५३५४।४४ | २,०००००। | मर्मत सम्भार कोष | |
| ८ | आर्मी क्याम्प छेउमा रेलीङ्ग निर्माण । | ६६४४९।८५ | ६०,०००। | मर्मत सम्भार कोष | |
| ९ | नेपाल प्रहरी, संगको सहकार्यमा जिल्ला प्रहरी कार्यालय संखुवा सभाको टेवा पर्खाल निर्माण (ढुंगा खरिदको लागी मात्र) | | १,१४,०००। | मर्मत सम्भार कोष | |

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा १ नं. प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मिति: २०७६/०६/०९

बैठक प्रारम्भ समय: ८:०० बजे

बैठक सङ्ख्या: ७३

बैठक समापन समय: १६:०० बजे

आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ।

निर्णयहरु :

१. मिति २०७६/०६/०४ को नगरकार्यपालिकाको बैठकले २०७६ साल असार १७ देखि ३१ गते सम्म खाँदबारी बजार क्षेत्रको संकलित फोहोरमैला व्यवस्थापन गरे बापत इन्द्रेणी मल्टि पर्पोज इन्टरप्राईजेज खाँदबारीले पेश गरेको प्रस्ताव अनुसारको रकम रु १,६३,४६८। (एक लाख त्रिसठीहजार चार सय अठसठी मात्र) वातावरण संरक्षण कोषबाट खर्च गर्ने गरि इन्द्रेणी मल्टि पर्पोज इन्टरप्राईजेज खाँदबारीलाई उपलब्ध गराउने र पुर्ववत अरुण मल्टि पर्पोज प्रा.लि. शाखा कार्यालय खाँदबारीको धरौटी रकम जफत गर्ने भनिएकोमा उक्त धरौटी रकम जफत नगर्ने र अरुण मल्टि पर्पोज प्रा.लि शाखा कार्यालय खाँदबारीलाई उपलब्ध गराउने।

२. खाँदबारी नगरपालिका वडा नम्बर ४ को वडा कार्यालय भवनको लागत इष्टिमेट बमोजिम रु ६०,०००/-(साठी हजार) मा नबढाई मर्मत सम्भार कोष मर्मत कार्य गर्ने ।

३. खाँदबारी नगरपालिकाको बजार अनुगमन निर्देशिका २०७६ लाई संशोधन सहित पारित गर्ने निर्णय गरियो।

४.अविरल बर्षको कारण खाँदबारी नगरपालिकाको बिभिन्न क्षेत्रमा बाढी पहिरो बाट भएको क्षतिको विवरण संकलन गरि लागत इष्टिमेट गरी भूसंरक्षण कार्यालय र जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयमा आवश्यक कार्यवाहि लागि पठाउने निर्णय गरियो।

५.खाँदबारी नगरपालिका वडा नं.१ को वडा कार्यालय रहने भानुचोकको नगरपालिकाको भवनको पाटेशन,छत टाल्ने, भऱ्याड हाल्ने, आवश्यक फर्निचर ,कार्पेट , दराज , टेवल, लगायत व्यवस्था गरी कार्यालय स्थापना गर्ने लागत इष्टिमेट अनुसार रु ५,००,०००/- (पाँच लाख) नबढ्ने गरी खर्च गरी मर्मत संभार र कार्यालय व्यवस्थापन गर्ने मर्मत संभार कोषबाट खर्च गर्ने गरी व्यवस्था गर्ने निर्णय गरियो।

**६.खाँदबारी नगरपालिका वडा नम्बर ८ बस्ने रन बहादुर थापामगर को छोरा कृष्ण बहादुर थापामगरलाई उपचारार्थ आर्थिक सहयोग बापत रु ५०००/- रकम उपलब्ध गराउने निर्णय गरियो।**

७. खाँदबारी नगरपालिका वडा नम्बर ४ भविजङ्ग चोक बाट मुखिया गाउँ, गोन्डे हुदैं खम्बु किरात सरस्वती टोल च्यानडाडाको शाखा बाटो JCB लगाई सामान्य मर्मत कार्य गर्ने।

८.खाँदबारी नगरपालिका वडा नं. ७ स्थित श्री मंगलादेवी माध्यमिक विद्यालय तिनपोखरी विद्यालयमा संचालनमा रहेको राष्ट्रिय सेवा दल NCC का विद्यार्थीहरुको हाइकीङका लागि २५ हजार सि.नं. १५० को कृयाकलाप नम्बर ३७ को विविध शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो।

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा

१ नं. प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मिति: २०७६/०७/०३

बैठक प्रारम्भ

समय:११:०० बजे

बैठक सङ्ख्या: ७४

बैठक समापन:

समय: ५:००

आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ।

निर्णयहरु :

१. आगामी कार्यपालिका बैठकमा निम्न कार्यविधि निर्माण गरि पेश गर्ने:-

(१) औषधी उपचारमा आर्थिक सहयोग सम्वन्धी कार्यविधि, २०७६

(२) आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

२. जिल्ला प्रहरी कार्यालय, संखुवासभाले आर्थिक वर्ष २०७६/०७७ मा खाँदवारी नपा- २ चेवावेंशी खाँदवारी नपा-३ मानेभञ्ज्याङ र खाँदवारी नपा- ९ तुम्लिङटारमा नयाँ प्रहरी इकाई स्थापना गर्ने भएको हुँदा प्रहरी इकाई लाई आवश्यक पर्ने मापदण्ड वमोजिमको जग्गा र भौतिक पूर्वाधार निर्माण नभएसम्म प्रहरी इकाई स्थापनाका लागि आवश्यक भवन भाडामा व्यवस्था गर्ने प्रतिवद्धता गरियो।

३. प्रसिद्ध तिर्थस्थल मनकामनाधाममा वर्षेनी आयोजना हुने एकादशी मेलाका अवसरमा मनकामना मन्दिर परिसर, मेलास्थल र बाटो वरिपरि सरसफाइ, बजार व्यवस्थापन तथा वत्ति व्यवस्थापन गर्न व्यवस्था मिलाउने। उक्त कार्यका लागि वातावरण तथा सरसफाइ कोष शिर्षकबाट रु. ५०,०००/-(पचास हजार) मात्र मनकामना विकास समितिको कोष मार्फत खर्च गर्ने।

४. यस कार्यालयमा मिति २०७४ फागुन ११ गते देखि कार्यरत सूचना प्रविधि अधिकृत श्री प्रदिप **बुढाथोकीले मिति २०७६ असोज २७ गते देखि पदबाट राजिनामा दिएको हुँदा** ICT सम्वन्धी कार्यालयको दैनिक कामकाजमा बाधा परेको हुँदा उक्त पदका लागि यस अघि सञ्चालित लिखित तथा मौखिक परीक्षामा वैकल्पिक उम्मेदवारमा सिफारिस भएका खाँदवारी नपा-८ का श्री अनुप तामाङलाई करारमा मिति २०७६ कार्तिक १ गते बाट लागू हुने गरी सूचना प्रविधि अधिकृत पदमा नियुक्ति दिई कामकाज लगाउने।

५. खाँदवारी नगरपालिकालाई आवश्यक भएको नगर प्रहरी जवान (२ जना महिला) आवश्यकता भएको तर आवश्यकतानुसार महिला नगर प्रहरी जवानहरु परिक्षामा उत्तिर्ण हुन नसकेकोले विज्ञापन नम्बर ६/०७६-७७ मा नगर प्रहरी जवान पदका लागि शारीरिक तन्दुरुस्ती परिक्षा, लिखित तथा अन्तर्वार्ताबाट वैकल्पिक सूचीमा पदपूर्ति समितिबाट सिफारिस भएका श्री दिपक वगाल खानपा-२ लाई नगर प्रहरी जवान पदमा करारमा नियुक्ति दिने।

६. खाँदवारी नपा-१ स्थित पाठकधारा टोल विकास संस्थाद्वारा मिति २०७६/०७/०९ आयोजना हुने खुल्ला समूह नृत्य प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनको लागि रु ३०,०००/- (रु तीस हजार) मात्र कला संस्कृति संरक्षण शिर्षकबाट उपलब्ध गराउने।

७. राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना अनुसार चालु आ.व.मा समपुरक र विशेष अनुदानबाट संचालन गरिने योजनाको प्रस्ताव अनलाइन मार्फत पेश गर्ने सम्वन्धमा यस नगरपालिकाको पाँचौ नगरसभाबाट पारीत गरिएको तथा समपुरक एवम विशेष अनुदानका लागि प्रस्ताव गरिएका तपशिलका योजनाहरुको प्रस्ताव पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने।

**क) संघीय समपुरक अनुदान बहुवर्षे कार्यक्रममा तपशिल बमोजिमको योजना माग गर्ने:-**

१) खाँदवारी नगरपालिकाको ७ वटा वडा भवनको कुल बजेट १० करोड भित्र पर्ने तथा चालु आ.व. मा ३ करोड विनियोजन भएको र बाकी २ करोड अर्को आ.व. मा विनियोजन गर्ने गरी बहुवर्षिय योजना बनाई चालु आ.व.मा खाँदवारी नगरपालिकाको वडा नम्बर २,४,६,७,८,९,१ ११ वडा कार्यालय भवन निर्माण।

२) लागत इस्टिमेट र डिजाइन अनुसारको खानपा-३ कृषि बजार व्यवस्थापन योजना।

३) खाँदवारी नगरपालिकाबाट स्विकृत DPR बमोजिम **"मनकामना परिसर भित्र ढुङ्गे मन्दिर सहितको स्टोन पार्क निर्माण"** का लागि चालु आ.व.मा ३० लाख विनियोजन गरि बाकी रकम आगमी आ.व.मा विनियोजनका लागि प्रतिवद्धता गर्ने।

**ख) संघीय विशेष अनुदान कार्यक्रममा तपशिल बमोजिमको योजना माग गर्ने:-**

१) ड्रागनफ्रुट खेती कार्यक्रम।

२) ल्याण्डफिल साइट व्यवस्थापन योजना।

८. विद्यालय क्षेत्र विकास कार्यक्रमबाट ससर्त अनुदानको रुपमा प्राप्त हुने बजेटबाट छात्रवृत्ति प्रदान गर्दा आ.व.०७५/०७६ मा महेन्द्र मा.वि मानेभञ्ज्याङको सुस्तश्रवण तर्फ दोस्रो किस्ताको छात्रवृत्ति **रकम रु ४,००,०००/-(रु चार लाख) मात्र रकम निकाशा दिन छुट भएको। चालु आ.व. ०७६/०७७ मा सोही कार्यक्रम अर्न्तरगत जम्मा प्राप्त बजेट रु २६,७१,०००/- भएको र** अनुमानित खर्च १९,६२,६००/- हुने भई करिव ७,००,०००/-(रु सात लाख) बढि हुने देखिएकोले उक्त विद्यालयको गतवर्ष भुक्तानी हुन बाँकी रकम सशर्त अनुदान (SSDP) बाट भुक्तानी दिने।

९. खाँदवारी नपा-१ स्थित बसपार्कमा सार्वजनिक शौचालय निर्माण गर्न प्राप्त लागत इस्टिमेट अनुसारको रकम मर्मत सम्भार कोषबाट रु १,५०,०००/-(रु एकलाख पचास हजार) मात्र खर्च गर्ने।

१०. अरुण उपत्यका सामुदायिक विकास क्लबद्वारा मिति २०७६ कार्तिक १ देखि मानेभञ्ज्याङ खेलमैदानमा आयोजित फुटवल प्रतियोगिताका लागि सहयोग (नगरका खेलाडिका लागि) शिर्षकमा विनियोजित रु १ लाख र मेयर कप पुरुष भलिवल प्रतियोगितामा विनियोजित रु ७ लाख मध्ये रु १ लाख समेत पछि सोध भर्ना गर्ने गरी रु २ लाख उक्त प्रतियोगिताको खेल व्यवस्थापन तथा खेलकुद सामाग्रि व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने।

११. मिति २०७६ कार्तिक ६ गते १२ बजे खाँदवारी नगरपालिकाले वडा दशै- र तिहारको अवसरमा चियापान तथा शुभकामना आदनप्रदान कार्यक्रम गर्ने।

**आजको वैठक यहि अन्त गरियो।**

प्रमाणित

बैठक मिति: २०७६/०७/२१
बैठक प्रारम्भ
समय: ८:०० बजे

बैठक सङ्ख्या: ७५
बैठक समापन:
समय: १:००

**आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेको छ ।**

**निर्णयहरु :**

१.संघिय स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा तपशिल बमोजिमका योजना माग गर्ने ।

क) उर्गेन छयोलिङ गुम्बा निर्माण खा.न.पा १

ख) पुरानो राजकुलो मर्मत योजना खा.न.पा.३,४,७

ग) रिन्छेन छयोलिङ बौद्ध गुम्बा निर्माण खा.न.पा १०

घ) हिमालय मा. वि खादवारी भवन निर्माण ।

ङ) पोखरी पार्क निर्माण खा.न.पा १

च) त्रिरत्न वौद्ध विहार भवन निर्माण खा.न.पा १

छ) तुम्लिडटार ढल व्यवस्थापन तथा पार्क निर्माण खा.न.पा ९

२. प्रदेश स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा तपशिल बमोजिमका योजना माग गर्ने ।

क) खड्का चौर खानेपानी योजना खा.न.पा. १०

ख) जलेश्वर महादेव गुफा पर्यटन प्रवर्द्धन कार्यक्रम खा.न.पा १ खोरण्डे

ग) पौरीदह देखि कान्ले खेत सम्म सिंचाई खा.न.पा. ३

घ) पुरानो गा.वि.स भवन पुन:निर्माण खा.न.पा ५

ङ) जालपा मा.वि खा.न.पा २ खेल मैदान निर्माण

३. प्रदेश विशेष अनुदान कार्यक्रममा तपशिल बमोजिमका योजना माग गर्ने ।

क) भालुखोला झो.पु खा.न.पा - ११ र चिचिला -२ (सिम्ले) (बर्दैउ) जोड्ने

ख) माल्टा खोला झो.पु.(खिप्रिङ) खा.न.पा. ५ र ६ जोडने

ग) ढोलवाजे डडहरा सिंचाई योजना खा.न.पा १० र ११

घ) चिसापानी,बराजुथान कटहरे खोल्सी, माझगाँउ हुदैं भिमसेनथान जोडने सडक स्तरोन्नती खा.न.पा. ६

ङ) चेवापानी ट्यांकी - सिरिसे- चन्दनपुर चौकी सडक खा.न.पा. २,४,र १०

च) माट्स नेपाल वालगृह तथा सेफहाउस निर्माण खा.न.पा. ३

छ) ज्येष्ठ नागरिक भवन निर्माण खा.न.पा ९

ज) ल्याडफिल्ड साईड जाने पक्की सडक खा.न.पा ९

झ) मनकामना धाममा सार्वजनिक शौचालय निर्माण खा.न.पा ९

४. प्रदेश समपुरक अनुदान कार्यक्रममा तपशिल बमोजिमका योजना माग गर्ने ।

क) तुम्लिङ्गटार बंजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण खा.न.पा ९

ख) विहिबोटे तपसे पन्धे हुँदै वडा कार्यालय जाने बाटो निर्माण खा.न.पा.११

ग) मनकामना मन्दिर प्रवेश द्वार निर्माण खा.न.पा ९

घ) साकी डाडा पाठकगाँउ राम्चे गुवावारी मानेभञ्याङ सडक निर्माण खा.न.पा ८,७,३

ङ) मनकामना घाममा स्टोन पार्क निर्माण खा.न.पा.९

च) गुरुकुल भवन निर्माण खा.न.पा.९

छ) अरुणथान देखि हरेलो डाडा सम्म ५००५ सिँडी पर्यटकिय पद मार्ग निर्माण खा.न.पा. ४

ज) मनकामना मुख्य मन्दिर निर्माण तथा व्यवस्थापन कार्य खा.न.पा ९

झ) मिलनचोक ढुंगाना गाउँ वसपार्क चिसापानी सडक पक्कि

ञ) अरुणथान ढाडेभीर सित्तलपाटी सडक निर्माण खा.न.पा ४र११

ट) गोपालभगत अस्पतालबाट खोरण्डे हुँदै चारवर जाने सडक निर्माण

ठ) मानेभञ्याङ्ग लिलिवर मोटरबाटो स्तरउन्नती

ड) ढोलवाजे डडहरा सिंचाई योजना खा.न.पा.९

५) आगलागी पिडित खा.न.पा.४ निवासी श्री लाल बहादुर दर्जीलाई रु १० हजार र खा.न.पा ९ निवासी श्री मिङमा रिन्जिन शेर्पालाई रु २० हजार विपत व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो ।

६) खा.न.पा ४ निवासी श्री लाक्पारिन्जी शेर्पाको उपचारका लागि रु १० हजार र खा.न.पा ७ निवासी अमृत बहादुर रसाईलीको उपचारका लागि रु १० हजार आकस्मिक कोषबाट उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी , संखुवासभा

१ नं. प्रदेश, नेपाल

**बैठक मिति:** २०७६/०७/२१

**बैठक प्रारम्भ**

**समय:** ८:०० बजे

**बैठक सङ्ख्या:** ७५

**बैठक समापन:**

**समय:** १:००

७. चालु आ.व. मा सडकवोर्ड तर्फ ५० लाख विनियोजन भएकोमा रु ३८ लाख मात्र कायम भई आएकोले पूर्व विनियोजित रकमलाई समानुपातिक रुपले घटाइ परियोजनाको लागत कायम गर्नु पर्ने भएकोले रु ३८ लाख लाई ७० प्रतिशत मानी वाकी ३० प्रतिशत नगरपालिकाले योगदान गर्नुपर्ने हुन्छ अत निम्न योजनाहरुलाई तपशिल लागत सहभागितामा संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क.स | स्वीकृत कार्यक्रको नाम | स.वो.ने अनुदान | न.पा. अनुदान | कूल जम्मा | संचालन प्रकृया | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शेर बहादुर श्रेष्ठको घर देखि ढाडेबारी हुँदै सिम्ले गाउ पुलामी गाउ सम्म मोटर बाटो मर्मत संभार | ८,००,०००/- | ३,५०,०००/- | ११,५०,०००/- | ठेक्का पट्टाबाट | |
| २ | जि.स.स गेटछेउ देखि खानेपानी कार्यालय हुँदै भेरेटार सम्म जाने मोटरबाटो मर्मत संभार | २०,००,०००/- | ८,६०,०००/- | २८,९०,०००/- | ठेक्का पट्टाबाट | |
| ३ | चिसापानी माल्टा पांमा खोला देखि स.मा.वि सम्म मोटरबाटो स्तरवृद्धि | १०,००,०००/- | ४,३०,०००/- | १४,३०,०००/- | ठेक्का पट्टाबाट | |
| | कूल जम्मा | ३८,००,०००/- | १६,४०,०००/- | ५४,४०,०००/- | | |

उपरोक्त योजना संचालन गर्न ३० प्रतिशत नगरपालिकाको योगदान वापत हुने रु १६,४०,०००/- समपुरक कोषको रकमवाट खर्च गर्ने व्यवस्था गरी आगामी छैटौं नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा

१ नं. प्रदेश, नेपाल

बैठक मिति: २०७६/०७/२१

बैठक प्रारम्भ समय: ८:०० बजे

बैठक सङ्ख्या:

बैठक समापन: समय: १:००

८) मर्मत संभार कोषको रकम तपशिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जे.सि.वि संचालनको लागी इन्धन खर्च | १५,००,०००/- | |
| २ | खाँदवारी नगरपालिकाको नगर प्रहरी आवास गृह निर्माण | ६,५९,१५५/- | |
| ३ | खाँदवरी नगरपालिका वडा नं.४ कार्यालय मर्मत कार्य | ६०,०००/- | |
| ४ | खाँदवरी नगरपालिकाको मुल भवनको पछाडी ग्यारेज निर्माण | ३,९०,०००/- | |
| ५ | खाँदवारि नगरपालिका कार्यालयको तल्लो भवन मर्मत भर्याङ्ग सिलिङ्ग तथा कार्य | १९,५०,०००/- | |
| ६ | खाँदवारी नगरपालिका १ स्थित वसपार्कमा सार्वजनिक सौचालय निर्माण | १,५०,००० /- | |
| ७ | खाँदवारी नगरपालिका वडा नं. १ वडा कार्यालय व्यवस्थापन खर्च | ५,००,०००/- | |
| ८ | नगरपालिकाको मुल माथिल्लो भवनको कार्यपालिका वैठक हलमा फर्निचर तथा सिलिङ्ग निर्माण | ३,४०,०००/- | |
| ९ | १० नं. वडा तपासे वाट भदौरे सम्म वाटो सोलिङ्ग तथा मर्मत | १,३७,००० /- | |
| १० | आर्मि क्याम्प छेउमा रेलिङ्ग निर्माण | ६०,०००/- | |
| ११ | नेपाल प्रहरी संगको सहकार्यमा जिल्ला प्रहरी कार्यालय संखुवासभाको टेवा पर्खाल निर्माण ढुंगा खरिदको लागी मात्र | १,१४,००० /- | |
| १२ | नेपालि सेनाको सहकार्यमा आर्मि क्याम्प छेउको वाटोमा लडेको पर्खाल निर्माण | २,००,०००/- | |
| १३ | मर्मत संभार कोष कार्यपालिकाको निर्णय वमोजिम संचालन हुने योजनाहरु | १०,१५,२१७.२/- | |
| १४ | रमिते गाउँमा पहिरो रोकथामको लागी तार जालि ग्याविन भर्ने कार्य | ५०,०००/- | |
| १५ | वडा नं.७ को खेलमैदान छेउको खोल्सिमा वाटो मर्मत (ग्याविन जालि भर्ने कार्य) | ४२,०००/- | |
| | जम्मा | ७१,६७,३७२.२/- | |

९.हरिबोधिनी एकादशीको उपलक्ष्यमा मिति २०७६कार्तिक २१ गते यस नगरपालिका क्षेत्र भित्रका शैक्षिक संस्थाहरुलाई १(एक) दिन स्थानिय पर्व विदा दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत